नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

# सूचना १

नेपाल सरकारले कम्पनी ऐन, २०६३ को देहायका दफाहरुको प्रयोजनका लागि देहाय बमोजिमका ढाँचाहरु तोकेको छ :-

१. दफा ४ को उपदफा (१) को प्रयोजनको लागि कम्पनी संस्थापनाको लागि दिने निवेदनको ढाँचा अनुसूची - १ र २ बमोजिम हुनेछ ।

२. दफा ४ को उपदफा (२) को प्रयोजनको लागि नियमावलीको सामान्य ढाँचा अनुसूची - ३ र ४ बमोजिम हुनेछ ।

३. दफा ५ को उपदफा (१) को प्रयोजनको लागि कम्पनी दर्ताको प्रमाणपत्रको ढाँचा अनुसूची - ५ बमोजिम हुनेछ ।

४. दफा १३ को उपदफा (२) र (४) को प्रयोजनको लागि प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा परिणत गर्न दिने निवेदनको ढाँचा अनुसूची - ६ बमोजिम हुनेछ ।

५. दफा १४ को उपदफा (३) को प्रयोजनको लागि पब्लिक लिमिटेडबाट प्राइभेट लिमिटेडमा परिणत गर्न दिने निवेदनको ढाँचा अनुसूची - ७ बमोजिम हुनेछ ।

६. दफा १३ को उपदफा (३) र (५) र दफा १४ को उपदफा (४) को प्रयोजनको लागि प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा र पब्लिक लिमिटेडबाट प्राइभेट लिमिटेडमा परिणत भएपछि दिइने प्रमाणपत्रको ढाँचा अनुसूची - ८ बमोजिम हुनेछ ।

७. दफा १८ को उपदफा (६) को प्रयोजनको लागि देहायका कम्पनीका प्रवन्धपत्रको सामान्य ढाँचा देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (१) एकल शेयरधनी भएको प्राइभेट लिमिटेड कम्पनीको प्रबन्धपत्र | - अनुसूची - ९ |
| (२) एकल बाहेकको अन्य प्राइभेट लिमिटेड कम्पनीको प्रबन्धपत्र | - अनुसूची - १० |
| (३) पब्लिक लिमिटेड कम्पनीको प्रबन्धपत्र | - अनुसूची - ११ |
| (४) मुनाफा वितरण नगर्ने कम्पनीको प्रबन्धपत्र | - अनुसूची - १२ |

८. दफा १९ को उपदफा (४) को प्रयोजनको लागि त्रुटी सच्याउन दिने निवेदनको ढाँचा अनुसूची - १३ बमोजिम हुनेछ ।

९. दफा २० को उपदफा (४) को प्रयोजनको लागि देहायका कम्पनीका नियमावलीको सामान्य ढाँचा देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (१) प्राइभेट लिमिटेड कम्पनीको नियमावली | - अनुसूची - १४ |
| (२) पब्लिक लिमिटेड कम्पनीको नियमावली | - अनुसूची - १५ |
| (३) मुनाफा वितरण नगर्ने कम्पनीको नियमावली | - अनुसूची - १६ |

१०. दफा २७ को उपदफा (४) को प्रयोजनको लागि पब्लिक लिमिटेड कम्पनीको शेयर खरिद गर्न दिने निवेदनको ढाँचा अनुसूची - १७ बमोजिम हुनेछ ।

११. दफा २८ को उपदफा (१) को प्रयोजनको लागि शेयर बाँडफाँडमा शेयर पाउनेलाई पठाउने सूचनाको ढाँचा अनुसूची - १८ बमोजिम हुनेछ ।

१२. दफा २८ को उपदफा (१) को प्रयोजनको लागि शेयर बाँडफाँडमा शेयर नपाउनेलाई पठाउने सूचनाको ढाँचा अनुसूची - १९ बमोजिम हुनेछ ।

१३. दफा ३३ को उपदफा (१) को प्रयोजनको लागि दिइने शेयर प्रमाणपत्रको ढाँचा अनुसूची - २० बमोजम हुनेछ ।

१४. दफा ४२ को उपदफा (३) को प्रयोजनको लागि शेयर वा डिबेञ्चर धितोबन्धक लिएको जनाउ दिने निवेदनको ढाँचा अनुसूची - २१ बमोजिम हुनेछ ।

१५. दफा ४३ को उपदफा (१) को प्रयोजनको लागि शेयर वा डिबेञ्चर दाखिल खारेज गर्न दिने निवेदनको ढाँचा अनुसूची - २२ बमोजिम हुनेछ ।

१६. दफा ४५ को प्रयोजनको लागि शेयर वा डिबेञ्चरमा हक हुन आउने व्यक्तिले दिने निवेदनको ढाँचा अनुसूची - २३ बमोजिम हुनेछ ।

१७. दफा ४६ को उपदफा (१) को प्रयोजनको लागि शेयरधनी र डिबेञ्चरवालाको दर्ता किताबको ढाँचा अनुसूची - २४ बमोजम हुनेछ ।

१८. दफा ५३ को उपदफा (२) को प्रयोजनको लागि शेयर वापतको रकम भुक्तानी गर्न शेयरधनीको नाममा जारी गरिने सूचनाको ढाँचा अनुसूची - २५ बमोजिम हुनेछ ।

१९. दफा ५३ को उपदफा (३) को प्रयोजनको लागि शेयर वापतको रकम तिर्न शेयरधनीको नाममा पुनः जारी गरिने सूचनाको ढाँचा अनुसूची - २६ बमोजिम हुनेछ ।

२०. दफा ७१ को उपदफा (३) को प्रयोजनको लागि शेयरधनीले साधारण सभामा मतदान गर्न आफ्नो प्रतिनिधि नियुक्ति गर्ने निवेदनको ढाँचा अनुसूची -२७ बमोजम हुनेछ ।

२१. दफा ९९ को उपदफा (३) को प्रयोजनको लागि संचालक नियुक्ति भएपछि लिनुपर्ने शपथको ढाँचा अनुसूची - २८ बमोजिम हुनेछ ।

२२. दफा १५४ को उपदफा (२) र (३) को प्रयोजनको लागि विदेशी कम्पनीको शाखा वा सम्पर्क कार्यालय दर्ता गर्न दिने निवेदनको ढाँचा अनुसूची - २९ बमोजम हुनेछ ।

२३. दफा १५४ को उपदफा (४) को प्रयोजनको लागि विदेशी कम्पनीको शाखा वा सम्पर्क कार्यालयको रुपमा दर्ता गरी दिइने प्रमाणपत्रको ढाँचा अनुसूची - ३० बमोजम हुनेछ ।

२४. दफा १७६ को उपदफा (२) को प्रयोजनको लागि कुनै कम्पनीले अन्य कम्पनीलाई दिएको सापटी, त्यस्तो कम्पनीमा गरेको लगानी वा त्यस्तो कम्पनीले लिएको ऋण वापत दिएको जमानतको विवरणको ढाँचा अनुसूची - ३१ बमोजम हुनेछ ।